# पुलिसको १० वर्षपछि एनभीएमा धाक

नेपाल समाचारपत्र, काठमाडौं

एनभीए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपमा नेपाल पुलिस क्लबको लामो समयपछि उपाधिमाथि कब्जा भएको छ।

पुलिसले १० वर्षपछि उक्त प्रतियोगितामा उपाधि जितेको हो। यो पुलिसको प्रतियोगितामा दोस्रो उपाधि समेत हो। यसअघि पुलिसले २०६९ मा उपाधि जितेको थियो। आइतबार भएको महिला फाइनल खेलमा पुलिसले डिफेन्डिङ च्याम्पियन होइगान्जी न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबलाई हराएको हो। तर, पुलिसले जित्न भने धेरै मेहनत गर्नुपरेको थियो। उपाधिसँगै पुलिसले ४ लाख र न्यु डायमन्डले २ लाख रुपैयाँ पुरस्कार प्राप्त गरे।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप) को कभर्डहलमा खेलको पहिलो सेट न्यु डायमन्डले २५-२२ ले आफ्नो पक्षमा पारेको थियो। दोस्रो सेट पुलिसले २५-१७ ले जितेपछि खेल १-१ सेटको बराबरीमा पुगेको थियो। तेस्रो सेट डायमन्डले २७-२५ ले आफ्नो पक्षमा पार्न सफल भयो र खेलमा २-१ सेटको अग्रता बनायो।

चौथो सेटमा न्यु डायमन्ड १०-५ अंकले अग्रतामा हुँदा उपाधि रक्षा गर्न निकट पुगिसकेको थियो। तर, यो स्थितिलाई पुलिसले उल्ट्याएर २५-१९ अंकले जित्दै खेललाई पाँचौं सेटमा लम्ब्यायो। निर्णायक सेटमा पनि दुवै टोलीको प्रतिस्पर्धात्मक खेल भएको थियो। यो सेट पुलिसले १५-११ ले जित्दै च्याम्पियन बन्न सफल भयो।

पुरुषतर्फ टिपटप हेल्प नेपालले आर्मीलाई सोझो सेटमा हराएर उपाधि जितेको छ। फाइनल खेल हेल्प नेपालले २५-२१, २६-२४ र २५-२३ ले जितेको हो। योसँगै हेल्प नेपालले ४ लाख र आर्मीले २ लाख नगद पुरस्कार प्राप्त गरे। गत संस्करणमा आर्मी पहिलो र हेल्प नेपाल दोस्रो भएका थिए।

### एपीएफ दुवै विधामा तेस्रो

त्रिभुवन आर्मी क्लबलाई हराउँदै नेपाल एपीएफ क्लबले च्याम्पियनसिपको महिलातर्फ तेस्रो स्थान हासिल गरेको छ। आइतबार भएको खेल निकै प्रतिस्पर्धा भएको थियो। लिगमा आर्मी ३-२ सेटले कठिनरूपमा जितेको थियो। तर, यो खेलमा भने उल्टो भयो, एपीएफ ३-२ सेटले जितेको हो।

त्यसो त पहिलो दुई सेट एपीएफले नै जितेको थियो। पहिलो सेट २५-१६ र दोस्रो से २५-२० ले जितेको एपीएफले त्यसपछिको दुवै सेट गुमाउन पुग्यो। तेस्रो र चौथो सेट आर्मीले समान २५-२१ ले आफ्नो नाममा सेट पारेको थियो। निर्णायक सेटमा भने एपीएफले कुनै गल्ती नगरी आरामसाथ १५-७ अंकले जित्दै तेस्रो स्थान हासिल गर्न सफल भयो।

पुरुषतर्फ पनि एपीएफले नै तेस्रो स्थान हासिल गरेको छ। यसमा भने एपीएफले नेपाल पुलिस क्लबलाई ३-१ सेटले हरायो। एपीएफले पुलिसलाई पहिलो सेट गुमाए पनि पछिको लगातार तीन सेट जितेर स्तब्ध तुल्याएको थियो। योसँगै दुवै विधाको एपीएफ टोलीले १/१ लाख पुरस्कार रकम प्राप्त गरेको छ।

# ब्राइटनसँग लिभरपुल स्तब्ध



लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर लिगमा लिभरपुल ब्राइटनसँग स्तब्ध बनेको छ।

इंग्लिस विंगर सोली मार्चले दुई गोल र एक असिस्ट प्रदान गरेपछि लिभरपुल ब्राइटनसँग स्तब्ध बनेको हो। लिभरपुल घरेलु टोली ब्राइटनसँग ३-० गोलअन्तरले स्तब्ध बनेको हो। लिभरपुललाई स्तब्ध पार्न घरेलु टोली ब्राइटनका सोली मार्च दुई तथा इ्यानी वेलब्याकले एक गोल गरेका थिए। खेलमा भएका सबै गोल दोस्रो हाफमा मात्र भएको थियो।

दि अमेरिकन एक्सप्रेस कम्युनिटी स्टेडियम फाल्मेरमा शनिबार राति भएको खेलमा घरेलु टोली ब्राइटनले खेलको सुरुवात देखि नै लिभरपुललाई दबाबमा राखे पनि गोलको लागि दोस्रो हाफ नै कुर्नुपरेको थियो। खेलको ४६औं मिनेटमा सोली मार्चले गोल गर्दै ब्राइटनलाई सुरुवाती अग्रता दिलाएका थिए। उनले मिटोमाले दिएको पासलाई सहजै फिनिस गरेका थिए। ५३औं मिनेटमा सोली मार्चले व्यक्तिगत र टोलीका लागि दोस्रो गोल गर्दै ब्राइटनको अग्रता दोब्बर पारे। उनले यसपटक इभान फर्गुसनको पासललाई सदुपयोग गरेका थिए।

त्यसपछि ८१औं मिनेटमा इ्यानी वेलब्याकले गोल गर्दै ब्राइटनलाई ३-० ले स्तब्ध पारे। उनले यस खेलमा दुई गोल गरिसकेका सोली मार्चको पासलाई सदुपयोग गरेका थिए। यस जितसँगै ब्राइटन १८ खेलबाट ३० अंक भएको छ। पराजित लिभरपुलको भने २८ अंक छ। त्यसैगरी, शनिबारै भएको म्यानचेस्टर डर्बी भिडन्तमा युनाइटेडले पुनरागमन जित निकालेको थियो। युनाइटेडले घरेलु मैदानमा १-० ले पछि परेको स्थिति उल्ट्याएर २-१ को पुनरागमन जित निकालेको हो। युनाइटेडको जितमा ब्रुनो फर्नान्डेस र मार्कस रासफर्डले गोल गरे। सिटीका ज्याक ग्रेलिसको गोल सान्त्वना बन्यो। ओल्ड ट्राफोर्डमा भएको उक्त प्रतिस्पर्धात्मक खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिँदा सबै तीन गोल दोस्रो हाफमा सम्भव भएको थियो।

खेलको ६०औं मिनेटमा परिवर्तित खेलाडी ज्याक ग्रेलिसले गोल गर्दै भ्रमणकारी टोली सिटीलाई १-० को अग्रता दिलाएका थिए। खेलको ५७औं मिनेटमा फिल फोडेनको स्थानमा मैदा छिरेका ग्रेलिसले मैदान छिरेको तेस्रो मिनेटमा नै केभिन डि ब्रुएनाको पासमा गोल गर्न सफल भएका थिए। एक गोलले पछि परेको घरेलु टोली युनाइटेडले त्यसपछि सिटीलाई दबाबमा राख्दै गोल गर्न सफल भयो। युनाइटेडले ५ मिनेटको अन्तरमा दुई गोल गर्दै खेलमा २-१ को अग्रता लिन सफल भयो। ७८औं मिनेटमा ब्रुनो फर्नान्डेसले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए। उनले ब्राजिली मिडफिल्डर क्यासमिरोको पासमा गोल गर्न सफल भएका थिए।

त्यसपछि ८२औं मिनेटमा मार्कस रासफर्डले गोल गर्दै युनाइटेडलाई खेलमा २-१ ले अघि बढाए। उनले परिवर्तित एलेहान्द्रो गर्नाचोको पासमा गोल गर्न सफल भएका थिए। त्यसपछि थप गोल निस्कन नसक्दा युनाइटेड विजयी हुन सफल भयो। यस जितसँगै युनाइटेडले सिटीसँगको लगातार तीन खेलसम्मको हारको शृंखलामा पूर्णविराम लगाएको छ। युनाइटेडले ६ नोभेम्बर २०२१ पछि सिटीलाई हराउन सकेको थिएन। यस जितसँगै युनाइटेड १८ खेलबाट ३९ अंक पुगेको छ। पराजित सिटीको भने १८ खेलबाट ३९ अंक छ। त्यस्तै, अन्य खेलमा वल्भ्सले वेस्ट ह्यामलाई १-० ले हराउँदा साउथह्याम्टनले एभर्टनविरुद्ध २-१ ले तथा नटिङ्हमले लेस्टर र ब्रेन्टफर्डले बर्नमाउथलाई समान २-० ले पराजित गर्दै तीन अंक बटुल्यो।

# संकटा फाइनलमा

हेटौंडा, (नेस)

पाँचौं संस्करणको राष्ट्रिय फुटबल प्रतियोगिताको फाइनलमा संकटा प्रवेश गरेको छ। आइतबार भएको दोस्रो सेमिफाइनलमा मकवानपुरलाई २-० गोलअन्तरले पराजित गर्दै संकटाले उपाधिका लागि विदेशी क्लब भुटनिज युथ स्पोर्टस्सँग प्रतिस्पर्धा गर्ने भएको हो।

बागमती गाउँपालिका-८ स्थित जनता माविको मैदानमा भएको खेलमा दुवै गोल हेडमार्फत् सम्भव भएको थियो। दुवै गोल संकटाका मुख्य डिफेन्डर एन्डेभ थिएरीले हेडमार्फत् खेलको १६ र ६२औं मिनेटमा गरेका थिए। दुवै गोल गरेका उनी खेलको म्यान अफ दी म्याच घोषित भए। उनले नगद ५ हजार प्राप्त गरे।

# शिक्षक भलिबल उपाधि जीएसलाई




हेटौंडा, (नेस)

मकवानपुर जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताको उपाधि हेटौंडा-५ को जीएस निकेतनले जितेको छ। शनिबार भएको फाइनलमा बकैया गाउँपालिकाको महेन्द्र माविलाई ३-० सेटले पराजित गर्दै जीएस निकेतनले उपाधि जितेको हो।

महेन्द्र मावि २५-१३, २६-२४, र २५-२० को सेटले पराजित भयो। जितसँगै जीएसले नगद २५ हजार तथा उपविजेता महेन्द्रले नगद १५ हजार प्राप्त गरेका छन्।

प्रतियोगिताका उत्कृष्ट खेलाडी जीएसका अमृत मिश्र घोषित भए। उनले नगद ३ हजार पुरस्कार प्राप्त गरे। प्रतियोगिताका उत्कृष्ट सेटर जीएसका विनोद श्रेष्ठ र उत्कृष्ट स्पाइकर महेन्द्र माविका विवेक बोलखे घोषित भए। श्रेष्ठ र बोलखेले नगद २ हजार प्राप्त गरे। प्रतियोगितामा जिल्लाका सरकारी र निजी गरी २६ विद्यालयको सहभागिता थियो।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजना तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाको प्रायोजनमा हेटौंडा-४, हुप्रचौर स्थित भलिबल कोर्टमा प्रतियोगिता भएको हो। मदन भण्डारी स्पोर्टस् एकेडेमी विद्यालय खेलकुद शिक्षक संघ मकवानपुर अध्यक्ष राजाराम पोखरेलको संयोजकत्वमा प्रतियोगिता भएको थियो।

**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Nepal Livestock Sector Innovation Project**
**Hariharbhawan, Lalitpur**

**Invitation for Bids**

First date of Publication: **16 January, 2023**
Contract Identification Number: **NP-MOLD-329634-CW-RFB-SLICE01 and Slice 2**
IDA Credit Number: **6149-NP**

1. The Government of Nepal has received a credit from IDA towards the cost of Nepal Livestock Sector Innovation Project and intends to apply part of the funds to cover eligible payments under this Contract. Bidding will be conducted through National Competitive Bidding (NCB) procedures, as per Electronic Government Procurement System, procedures (Model Bidding Document approved by the World Bank). This is open to all bidders from Eligible Source Countries as defined in the Bidding Documents.
2. Nepal Livestock Sector Innovation Project Nepal Livestock Sector Innovation Project invites electronic bids from eligible bidders for the **Construction of Roof Truss, Canal and Culvert at Ranjitpur, Lalbandhi Municipality of Sarlahi.** The construction period is **Two** months:

| S. No. | Contract ID No. | Name of works | Cost of Bid Document (Non-refundable) | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|
| | | | | | Amount | Validity Period |
| 1 | NP-MOLD-329634-CW-RFB-SLICE01 | Construction of Pre-fabricated Structure with Roof Truss at Ranjitpur, Lalbandhi Municipality, Sarlahi | NPR. 3,000.00 | 16 May 2023 | 79,000.00 | 15 June 2023 |
| 2 | NP-MOLD-329634-CW-RFB-SLICE02 | Construction of Canal and Culvert at Ranjitpur, Lalbandhi Municipality, Sarlahi | NPR. 3,000.00 | 16 May 2023 | 77,000.00 | 15 June 2023 |

3. Interested eligible bidders may obtain further information from Nepal Livestock Sector Innovation Project, Hariharbhawan, Lalitpur and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np.
4. Electronic bids must be submitted to the Nepal Livestock Sector Innovation Project, Hariharbhawan, Lalitpur through PPMO website www.bolpatra.gov.np on or before 12:00 hrs of 16 February, 2023. The bids will be opened electronically at 12:30 hours on 16 February, 2023 in the presence of the bidders' representatives who choose to attend in person at Nepal Livestock Sector Innovation Project, Hariharbhawan, Lalitpur

**Project Director**
**Nepal Livestock Sector Innovation Project**
**Harihar bhawan, Lalitpur**
**Phone: 00977-1-5454906**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक बिभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाण्डौ**
**सडक डिभिजन हेटौडा, मकवानपुर**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि आशयको सूचना**

**सूचना प्रकाशन मिति २०७९/१०/०२**

यस डिभिजनबाट राष्ट्रिय दैनिकको मिति २०७९/०८/२० को संस्करणमा प्रकाशित **Invitation For Bids Notice NoM 08–2079/080** को **PPMO** को **E–Procurement Portal** मार्फत बोलपत्र आव्हान गरिएको तपशिलका निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरुबाट **E–Bid** मार्फत प्राप्त प्राविधिक एवम् आर्थिक प्रस्ताव मध्ये मिति २०७९/०९/२१ गते खोलिएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन सम्पन्न भई मिति २०७९/०९/२९ गतेको निर्णयले स्वीकृत भएको हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति :- २०७९/१०/०९ गते सोमबार, समय :- बिहान ११:०० बजे, स्थान :- सडक डिभिजन हेटौडा**

| सि. नं. | ठेक्का नं | कार्यको विवरण | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली |
|---|---|---|---|
| 1 | RDHTD/33701176/2079/080-30 | Road Improvement and Structural Works along Thaha Nagarpalika Aagra Gaurigau-Gogane-Pakani Sano Dandakharka hudai Dhading Jilla Jodne Sadak, Makwanpur | 1. Kasthamandap Construction Pvt. Ltd., Balkhu-14, Kathmandu<br>2. Mahabir Engineering & Construction Pvt. Ltd., Manbhawan, Lalitpur<br>3. Waiba & Lama Construction Pvt. Ltd., Gokarneshwor-16, Kathmandu<br>4. Singh & Brother/Sanskriti/Panchakanya J.V., Kalanki, Kathmandu<br>5. Lama Construction & Suppliers Pvt. Ltd., Chabahil, Kathmandu |
| 2 | RDHTD/33701176/2079/080-31 | Road Improvement and Structural Works along Pacharauta Na Pa Shrinagar Bairiya Hanuman chowk Piparpati chowk Pakadiya Gaun - Benoli chowk - Ramnagar chowk - Kotbali - Gandak Canal Road, Bara | 1. Gyanesh Nirman Sewa Pvt. Ltd., Hetauda, Makwanpur<br>2. Ganesh Kunda/Niriksha JV, Hetauda, Makwanpur<br>3. Shivshankar/Sharada/Santosh JV, Lipanimal-3, Bara<br>4. Shah Nirman Sewa Pvt. Ltd., Malangwa-10, Sarlahi<br>5. Kashyap/Uttargaya JV, Kalanki-14, Kathmandu |

**डिभिजन प्रमुख**